प्र.जि.अ.का.झापा द.नं. २६।०३९।४०

# जनज्योति साप्ताहिक

Janajyoti Weekly

■ वर्षः ४५ ■ अंक : १२ ■ २०८३ असार १४ गते आइतबार ■ Sunday, 28 June 2026 ■ मूल्य रू. ७।-

**मौसमजन्य भाइरलबाट सुरक्षित बनौं**

- मौसम परिवर्तनसँगै स्वास्थ्यमा विशेष ध्यान दिऔं ।
- नियमित रूपमा साबुनपानीले हात धुने बानी बसालौं ।
- भीडभाडयुक्त स्थानमा आवश्यक सावधानी अपनाऔं ।
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना सेवन गरौं ।
- खोक्दा वा हाछ्यूँ गर्दा मुख–नाक छोपौं ।
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौ ।
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं ।

*स्वस्थ र सुरक्षित जीवनशैली अपनाऔं चिकित्सकको सल्लाहबिना औषाधि सेवन नगरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## पर्याप्त वर्षा नहुँदा देशभर धान रोपाइँ प्रभावित

# 'धानको सुपरजोन' झापामै कम रोपाइँ

✍ विमल लामिछाने



कमल गाउँपालिका वडा नं. ६ मा बिउका मुठा गरामा फिंजाएर रोपाईका लागि तयारी अवस्थामा ।

दमक/ यस वर्ष मनसुन सुरू भए पनि अपेक्षाअनुसार वर्षा नहुँदा देशभर धान रोपाइँको गति निकै सुस्त देखिएको छ । कृषि विभागको पछिल्लो तथ्यांकअनुसार असार १३ गतेसम्म देशभर जम्मा ११.३३ प्रतिशत मात्रै धान रोपाइँ सम्पन्न भएको छ, जुन गत वर्षको सोही अवधिको तुलनामा ४.२७ प्रतिशत बिन्दुले कम हो । गत वर्ष यस अवधिमा १५.६ प्रतिशत रोपाइँ भइसकेको थियो ।

मुलुककै सबैभन्दा धेरै धान उत्पादन हुने 'धानको सुपरजोन' भनेर चिनिने जिल्ला झापामा यस वर्ष (वि.सं. २०८३) मनसुनको सुरूवाती चरण निराशाजनक देखिएको छ । कृषि ज्ञानकेन्द्र झापाका कार्यालय प्रमुख सागर विष्टका अनुसार झापामा हालसम्म ६.१३ प्रतिशत क्षेत्रफलमा मात्रै रोपाइँ भएको छ ।

उनले भने-'अधिकांश क्षेत्रमा बीउ (ब्याड) तयारी अवस्थामा रहे पनि आकाशे पानीको अभावमा खेत हिल्याउन सकिएको छैन । हालसम्म ६.१३ प्रतिशत क्षेत्रफलमा मात्रै रोपाइँ भएको छ ।'

कोशी प्रदेश कृषि निर्देशनालयको तथ्यांक अनुसार झापाको तुलनामा छिमेकी जिल्लाहरु मोरङ र सुनसरीमा केही सहज स्थिति रहँदा १५-१५ प्रतिशत क्षेत्रफलमा रोपाइँ भइसकेको छ, भने समग्र कोशी प्रदेशको औसत रोपाइँ १५.३३ प्रतिशत पुगेको छ ।

कृषिविज्ञहरुका अनुसार असारको मध्यसम्म देशभर समग्रमा ११ प्रतिशत मात्रै रोपाइँ हुनुले आगामी दिनमा खाद्य सुरक्षामा चुनौती थप्न सक्छ । यद्यपि, आउँदा दिनमा मनसुन थप सक्रिय भई पर्याप्त वर्षा भएमा रोपाइँको गति बढ्ने अपेक्षा किसान र विज्ञहरूले गरेका छन् ।

प्रादेशिक तथ्यांकअनुसार यस वर्ष लुम्बिनी र मधेश प्रदेशबाहेक अन्य सबै क्षेत्रमा रोपाइँको गति कमजोर छ । हालसम्म कर्णाली प्रदेशमा सबैभन्दा बढी २२.८ प्रतिशत र लुम्बिनीमा २०.९ प्रतिशत रोपाइँ भएको छ । यसैगरी गण्डकीमा १२.७ प्रतिशत, बागमतीमा १२.६ प्रतिशत, सुदूरपश्चिममा ९.३ प्रतिशत र कोशीमा ८.३ प्रतिशत मात्रै रोपाइँ सकिएको छ । सबैभन्दा कम प्रगति मधेश प्रदेशमा (५ प्रतिशत मात्रै) देखिएको छ ।

गत वर्षको तुलनामा

बाँकी ४ पेजमा ▸▸

## चैते धानको उत्पादन वृद्धि, मूल्यमा गिरावट

मोरङ/ मोरङमा गत वर्षभन्दा यस वर्ष दुई हजार १९६ मेट्रिक टन बढी धान उत्पादन भएको कृषि ज्ञान केन्द्र मोरङले जनाएको छ । चैते धानको उत्पादन बढे पनि मूल्यमा गिरावटका कारण किसानले जनाएका छन् ।

जिल्लामा गत वर्ष एक लाख एक हजार ३७४ दशमलव १० मेट्रिक टन धान उत्पादन भएकोमा यस वर्ष वृद्धि भई एक लाख तीन हजार ५७० दशमलव ६० मेट्रिक टन उत्पादन भएको कृषि ज्ञान केन्द्रका सूचना अधिकृत आदर्श सिंहले जानकारी दिए । गत वर्ष १७ हजार ७५५ हेक्टर जमिनमा चैते धान लगाइएकोमा यस पटक वृद्धि भई १७ हजार ८५७ हेक्टर पुगेको उनले बताए । गत वर्ष ५ दशमलव ७१ उत्पादकत्व भएकोमा यस वर्ष वृद्धिभई ५ दशमलव ८० पुगेको हो ।

बाँकी ४ पेजमा ▸▸

# राजस्व लक्ष्यको तीन चौथाइ पूरा

दमक/ सरकारले राजश्व संकलनमा लक्ष्यको ७५ दशमलव १७ प्रगति हासिल गरेको छ । सरकारको दैनिक बजेटरी हिसाब किताब राख्ने महालेखा नियन्त्रक कार्यालयकाअनुसार शुक्रबारसम्म रू ११ खर्ब १२ अर्ब ४८ करोड ४६ लाख राजस्व संकलन भएको छ ।

सरकारले चालु आर्थिक वर्षका लागि १४ खर्ब ८० अर्ब बराबर राजस्व संकलन गर्ने लक्ष्य राखेको थियो । बाँकी दिनमा तीन खर्ब ६७ अर्ब ५१ करोड राजश्व संकलन गर्नुपर्नेछ । त्यसका लागि दैनिक करिब रू १९ अर्ब ३४ करोड बराबर संकलन गर्नुपर्ने हुन्छ ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार, कर राजस्व संकलनतर्फ लक्ष्यको ७६ दशमलव २० प्रतिशत प्रगति भएको छ । कर राजस्वतर्फ १३ खर्ब २५ अर्ब ५८ करोड ३९ लाख संकलन गर्ने लक्ष्य रहेकामा हालसम्म रू १० खर्ब १० अर्ब १६ करोड तीन लाख संकलन भएको छ ।

त्यस्तै गैरकर राजस्वतर्फ एक खर्ब ५४ अर्ब ४१ करोड ६१ लाख संकलन गर्ने लक्ष्य रहेकामा हालसम्म एक खर्ब दुई अर्ब ३२ करोड ४३ लाख प्राप्त भएको छ । यस्तै, अनुदानतर्फ ५३ अर्ब ४४ करोड ६९ लाख प्राप्त गर्ने लक्ष्य रहेकामा हालसम्म २४ अर्ब ११ करोड १२ लाख मात्रै प्राप्त भएको छ । जुन लक्ष्यको ४५ दशमलव ११ प्रतिशत बराबर हो ।

सो अवधिमा अन्य प्राप्ति शीर्षकमा रू छ अर्ब ५० करोड ५३ लाख संकलन भएको छ । यससँगै सरकारको कुल बाँकी ४ पेजमा ▸▸

# ११ जिल्लामा बर्डफ्लु संक्रमण

दमक/ कोशी प्रदेशका झापा, मोरङ र सुनसरीसँगै देशभरका ११ जिल्लाका ८२ स्थानमा बर्ड ्लु सङ्क्रमण पुष्टि भइसकेको छ ।

विसं २०८२ चैत ४ गते मोरङमा पहिलोपटक बर्ड ्लु पुष्टि भएपछि झापा, सुनसरी, महोत्तरी, बारा, चितवन, नवलपरासी, काठमाडौं, भक्तपुर, ललितपुर र काभ्रेपलाञ्चोकसम्म सङ्क्रमण फैलिएको हो ।

पशुसेवा विभागका महानिर्देशक डा उमेश दाहालका अनुसार सङ्क्रमण नियन्त्रणका क्रममा हालसम्म पाँच लाख ६९ हजार ८५८ वटा पक्षी नष्ट गरिएको छ । त्यस्तै नौ लाख ८९ हजार ३१३ वटा अण्डा र एक हजार ९५४ दशमलव ८५ क्विन्टल दाना पनि नष्ट गरिएको छ ।

रोग नियन्त्रणका लागि पशुसेवा विभागले उपमहानिर्देशकको नेतृत्वमा 'बर्ड ्लु रोग नियन्त्रण कक्ष' स्थापना गरी संघ, प्रदेश र स्थानीय तहसँग समन्वय गर्दै प्रभावित क्षेत्रमा प्राविधिक टोली परिचालन समेत गरेको छ ।

विभागका अनुसार हालसम्म कोशी प्रदेशका झापा, मोरङ र सुनसरीसँगै बारा, महोत्तरी, चितवन र नवलपरासीमा सङ्क्रमण नियन्त्रणमा आइसकेको छ । तर काठमाडौं, ललितपुर, भक्तपुर तथा काभ्रेपलाञ्चोकका केही क्षेत्रमा सङ्क्रमण अझै देखिइरहेकाले विशेष निगरानी बढाइएको महानिर्देशक डा दाहालले जानकारी दिए । बाँकी ४ पेजमा ▸▸

# नेकपा कोशी समिति जम्बो

दमक/ नेपाली कम्युनिस्ट पार्टी (नेकपा) को १ हजार ४ सय ९९ जनाको जम्बो कोशी प्रदेश समिति अनुमोदन भएको छ । विराटनगरमा बसेको प्रदेशको एकता बैठकले उक्त सदस्यसहितको प्रदेश समिति अनुमोदन गरेको हो । समितिमा मनोनीत सबैलाई नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डले पद तथा गोपनीयताको शपथ गराएका छन् ।

नेकपा प्रदेश कमिटीका संयोजक हर्कबहादुर नेम्वाङले प्रस्ताव गरेपछि उक्त संख्यालाई बैठकमा उपस्थित प्रतिनिधिहरूले ताली बजाएर अनुमोदन गरेका थिए । संयोजक नेम्वाङले बैठकमा छलफल र स्वीकृतिका लागि आठ वटा एजेन्डा पेस गरेका थिए ।

जसमा सङ्गठन निर्माण र एकीकरणलाई तीव्रता दिनका लागि प्रदेश सचिवालय समिति गठन, जिल्ला समितिहरूको एकता भेला तथा बैठक सञ्चालन गर्ने, जनवर्गीय सङ्गठन तथा मोर्चाहरूको व्यवस्थापन गर्ने र विभाग तथा कामको फाँट निर्धारण गर्ने रहेको छ ।

यस्तै, केन्द्रीय सदस्य, प्रदेश सदस्य तथा अन्य कमिटीका सदस्यहरुको कार्यक्षेत्र र जिम्मेवारी समायोजन गरिने, पार्टी एकीकरण र संगठन विस्तारका लागि विशेष अभियान सञ्चालन गर्ने लगायतका एजेन्डा रहेका छन् ।

# ओलीले मागे मानवअधिकार आयोगको प्रतिवेदन र कागजात



दमक/ पूर्वप्रधानमन्त्री तथा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले गत २३ र २४ भदौमा भएका घटनासम्बन्धी राष्ट्रिय मानवअधिकार आयोगले गरेको छानबिन तथा अनुसन्धान प्रतिवेदन, निर्णय र त्यससँग सम्बन्धित सम्पूर्ण कागजात उपलब्ध गराउन आयोगसमक्ष औपचारिक निवेदन दर्ता गराएका छन् ।

एमाले नेता महेश बर्तौलाले आफूले शुक्रबार ललितपुरको पुल्चोकस्थित राष्ट्रिय मानवअधिकार आयोगका सचिव मुरारी खरेललाई भेटेर ओलीको तर्फबाट उक्त निवेदन दर्ता गराएको जानकारी दिए ।

ओलीले आयोगसँग बैठक नम्बर १७७ को प्रमाणित प्रतिलिपि, सदस्य लिली थापाको नेतृत्वमा गठित समितिको प्रतिवेदन, प्रतिवेदनमा गरिएका थपघटसम्बन्धी विवरण, त्यसको कारण तथा घटनासँग सम्बन्धित सबै बयान र कागजातको प्रतिलिपि उपलब्ध गराउन माग गरेका छन् । ओलीले आयोगको बैठक नम्बर १७७ को निर्णयका सिफारिस र बाँकी ४ पेजमा ▸▸

# कैदीहरूबाट रकम असुलेको आरोपमा गिरी पक्राउ

उर्लाबारी / मोरङ कारागारका कैदीबन्दीहरूबाट असुली गरेको अभियोगमा विराटनगरका अभिषेक गिरी पक्राउ परेका छन् । उनलाई शनिबार बिहान विराटनगर-८ स्थित उनकै घरबाट मोरङ प्रहरीले पक्राउ गरेको हो । मोरङ प्रहरीले दिएको जानकारी अनुसार उनको घरमा प्रहरीले बिहानै छापा मारेको थियो । घरमा खानतलासीका क्रममा केही नभेटिए पनि अनुसन्धानका लागि पक्राउ गरिएको प्रहरी भनाइ छ ।

विराटनगरका गिरीको विगत आपराधिक पृष्ठभूमिको थियो । अहिले एमालेका नेता रहेका पर्शुराम बस्नेतसँगको 'टसल' का कारण पहिले चर्चामा आएका उनलाई अदालतमै बस्नेत समूहले घातक हमला गरेको थियो । शरीर बन्धक तथा अपहरण मुद्दामा जेल सजाय काटेर बाहिर निस्केका उनी पछिल्लो समय कांग्रेसको स्थानीय राजनीतिमा सक्रिय थिए । बाँकी ४ पेजमा ▸▸

# कारागारमा कैदीको निधन

पाँचथर/ छोराको हत्या अभियोगमा पाँचथर कारागारमा पुर्पक्षमा रहेका ५२ वर्षीय नागरिकको उपचारका क्रममा निधन भएको छ ।

कर्तव्य ज्यान मुद्दामा कारागार चलान हुनु भएका मिक्लाजुङ ८ दुरदिम्बा निवासी ५२ वर्षीय बखतबहादुर सिंघकको धरा स्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारको क्रममा शनिबार निधन भएको हो ।

पाँचथरका प्रहरी नायव उपरिक्षक अनिष कुमार कर्णका अनुसार मुटु सुन्निने र मृगौलाको समस्याबाट ग्रसित सिंघकको सुरूमा पाँचथर अस्पतालमा उपचार गराइएको थियो । उनको स्वास्थ्य अवस्था थप जटिल बनेपछि थप उपचारका लागि धरान पठाइएकोमा चिकित्सकहरूले अस्पताल पुग्नासाथ मृत घोषणा गरेका हुन ।

गत कार्तिक ९ गते आ ैनै १९ वर्षीय छोरा सफल सिंघकलाई बन्दुक प्रहार गरी हत्या गरेको अभियोगमा प्रहरीले सिंघकलाई कार्तिक १० गते पक्राउ गरेको थियो । त्यसपछि उनलाई अदालतको आदेश पश्चात कारागार चलान गरिएको थियो ।

सिंघकको शवको पोस्टमार्टम प्रतिवेदन प्राप्त भएपछि मृत्युको वास्तविक कारण खुल्ने र सोही आधारमा थप अनुसन्धान अघि बढाइने पाँचथर प्रहरीले जनाएको छ ।

## लागुऔषधसहित दुईजना पक्राउ

दमक/ कोशी प्रदेश प्रहरीको लागुऔषध विरूद्धको महाअभियानअन्तर्गत दुई जनालाई पक्राउ गरेको छ । पक्राउ परेकाहरूका साथबाट प्रहरीले चार ग्राम ११० मिलिग्राम ब्राउन सुगर र बेवारिसे अवस्थामा १२० किलो गाँजा बरामद गरेको छ ।

प्रहरीका अनुसार इलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका इलाम चुलाचुली गाउँपालिका-३ का २६ वर्षीय विवेक राईलाई दुई ग्राम ८२० मिलिग्राम ब्राउन सुगर र इलाका प्रहरी कार्यालय लौकही र जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको संयुक्त प्रहरी टोलीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका इटहरी उपमहानगरपालिका-१७ कान्छीचोकका २५ वर्षीय निशान कार्कीलाई एक ग्राम २९० मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरेको हो ।

त्यस्तै, कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरबाट खटिएको टोली र अस्थायी प्रहरी पोस्ट जोरसखुवाबाट खटिएको संयुक्त प्रहरी टोलीले धरान उपमहानगरपालिकाबाँकी ४ पेजमा ▸▸

## तुलसी सहकारीका १५८ बचतकर्ताको बचत फिर्ता

दमक/ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलले समस्याग्रस्त तुलसी सहकारीका १५८ जना बचतकर्ताले आफ्नो बचत फिर्ता पाएको जानकारी दिएकी छन् ।

शनिबार सामाजिक सञ्जाल फेसबुकमार्फत मन्त्री रावलले सरकारले समस्याग्रस्त सहकारी संस्थाबाट ऋण असुली र सम्पत्ति व्यवस्थापनबाट प्राप्त भएको रकम बचतकर्तालाई फिर्ता गर्ने कार्यलाई निरन्तर अघि बढाइरहेको बताएकी हुन् ।

उनका अनुसार तुलसी सहकारीका १५८ जना बचतकर्तालाई पनि सोही प्रक्रियाअनुसार बचत रकम फिर्ता गरिएको हो ।

मन्त्री रावलले समस्याग्रस्त सहकारी संस्थाबाट ऋण असुली तथा सम्पत्ति व्यवस्थापनबाट प्राप्त रकम सम्बन्धित सहकारीका बचतकर्तालाई फिर्ता गर्ने काम प्रचलित कानुनी व्यवस्थाअनुसार निरन्तर सञ्चालन भइरहेको उल्लेख गरेकी छन् ।

**लाईफ लाईन अस्पताल प्रा.लि.**

दमक-५, झापाको

**ओपीडी सेवाहरू :**

दैनिक बिहान ८ बजेदेखि बेलुकी ७ बजेम्म

१. डा. मनोज कुमार शाह : बरिष्ठ हाडजोर्नी तथा नशा रोग बिशेषज्ञ
२. डा. सिता राई : बरिष्ठ प्रसुति तथा महिला रोग विशेषज्ञ
३. डा. निरज शाह : बरिष्ठ फिजिसियन
४. डा. साजन ठाकुर : बरिष्ठ बालरोग बिशेषज्ञ
५. डा. मन्जुल शाक्य : बरिष्ठ ल्याप्रोस्कोपीक सर्जन
६. डा. एकता घिताल : बरिष्ठ प्याथोलोजिस्ट
७. डा. सोफिया थुलुङ्ग : बरिष्ठ अर्थोडन्टिस (दन्तरोग विशेषज्ञ)
८. डा. तिलकचन्द्र शाह : बरिष्ठ रेडियोलोजिस्ट
९. डा. चन्द्रमोहन शाह : ल्याप्रोस्कोपीक सर्जन
१०. डा. बिबेक लामिछाने : फिजिसियन
११. डा. शिर्षकदिप श्रेष्ठ : मनोरोग बिशेषज्ञ
१२. डा. मिलन भुषाल : नाक, कान घाटी रोग बिशेषज्ञ

सम्पर्क : ९८०१४१४२८६, ९८०१४१४२८३

सम्पादक/प्रकाशक : गञ्जबहादुर दाहाल
ले-आउट : सुरेन बस्नेत
मुद्रक : अमरज्योति अफसेट, प्रेस, दमक-५
कार्यालय : दमक-५ फोन:५७०२७२

## सम्पादकीय....

# नयाँ दल पुरानै प्रवृति

नेपाली राजनीतिक वृत्तमा 'वैकल्पिक राजनीति' को नारासहित उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को पहिलो ऐतिहासिक राष्ट्रिय महाधिवेशन भर्खरै सम्पन्न भएको छ । स्थापनाको छोटो समयमै संसदमा चौथो ठूलो शक्तिको रुपमा स्थापित यो दलको पहिलो महाधिवेशन कस्तो होला र यसले नेपाली राजनीतिलाई के नयाँ सन्देश देला भन्ने चासो चौतर्फी हुनु स्वाभाविक थियो । सभापतिमा रवि लामिछाने र उपसभापतिमा डा. स्वर्णिम वाग्ले निर्विरोध चयन हुनु, अनि उपसभापतिमा सोबिता गौतम, महामन्त्रीमा विपिनकुमार आचार्य, सहमहामन्त्रीहरुमा असीम शाह, हरि ढकाल र निशा डाँगी निर्वाचित हुनुले पार्टीमा युवा नेतृत्वको एउटा तस्बिर त प्रस्तुत गरेको छ, तर महाधिवेशनको आन्तरिक पाटो र व्यवस्थापकीय कमजोरीले भने दलको परिपक्वतामाथि गम्भीर प्रश्नहरु खडा गरिदिएको छ ।

तीन दिनभित्र सम्पन्न गर्ने भनी महत्वाकांक्षी रुपमा तय गरिएको महाधिवेशन लम्बिएर छ दिनसम्म पुग्नु आफैंमा कमजोर व्यवस्थापनको सूचक हो । महाधिवेशनका प्रतिनिधिहरुको स्पष्ट यकिन नगरिनु, दलभित्रको समायोजन प्रक्रियालाई निष्कर्षमा नपुर्‍याई हतारमा सम्मेलन डाकिनु र फितलो व्यवस्थापकीय तयारी हुनुले नयाँ भनिएको दल पनि परम्परागत शैलीकै रोगबाट ग्रसित रहेको प्रस्ट पार्छ । जसका कारण देशभरिबाट आएका प्रतिनिधिहरु उत्साहभन्दा बढी अन्योल र असन्तुष्टि बोकेर फर्कन बाध्य भए, जुन कुरा स्वयं महाधिवेशन प्रतिनिधिहरुले सार्वजनिक रुपमै स्वीकार गरेका छन् । सबैभन्दा चिन्ताजनक र विचारणीय पक्ष त मतदानको तथ्यांकले देखाएको छ । केन्द्रीय सदस्य चयनका लागि झन्डै तीन हजार (२,९५९) मत खसेको महाधिवेशनमा शीर्ष पदाधिकारी चयनका बेलासम्म आइपुग्दा त्यो संख्या घटेर साढे १२ सय (१,२८९) मा खुम्चिनु लोकतान्त्रिक अभ्यासका लागि सुखद संकेत होइन । केन्द्रीय सदस्यको तुलनामा पदाधिकारी निर्वाचनमा झन्डै ५६ प्रतिशत मत कम खस्नु वा प्रतिनिधिहरु मतदान नै नगरी घर फर्कनुले पार्टी नेतृत्वप्रति महाधिवेशन प्रतिनिधिहरुको तीव्र असन्तुष्टि र वितृष्णालाई छर्लङ्ग पारेको छ । नेतृत्वको बोली र व्यवहारमा देखिएको विरोधाभास, तथा 'गुरुत्वआकर्षण' भनिएको दलभित्र पनि पुरानै दलहरुमा जस्तो गुटगत राजनीतिको छाया देखिनुले रास्वपाको 'फरक बन्ने' दाबीलाई गम्भीर धक्का दिएको छ । यद्यपि, यस महाधिवेशनका केही सकारात्मक र उज्याला पाटाहरु पनि छन् । चुनावी प्रतिस्पर्धाका माध्यमबाट महिला र युवाहरुले नेतृत्वमा बलियो हस्तक्षेप गर्नु र झापा जस्ता जिल्लाहरुबाट केन्द्रीय तहमा महिलाहरुको उत्साहजनक प्रतिनिधित्व स्थापित हुनुले पार्टीको समावेशी र आधुनिक चरित्रलाई केही हदसम्म जोगाएको छ । तर, चुनावी परिणाम आउनु मात्रै महाधिवेशन सफल हुनु होइन । रास्वपाका लागि यो पहिलो महाधिवेशन एउटा महत्वपूर्ण परीक्षा पनि थियो । जसले उसलाई आफ्नै वास्तविक रुप सुधार्न र आगामी दिनमा कसरी अघि बढ्ने भन्ने शिक्षा पनि दिएको छ । परम्परागत दलहरुका विकृति र विसंगति औंल्याएर जनताको मत जितेको रास्वपा आफैं त्यही बाटोमा हिंड्न खोज्दै छ कि भन्ने संशय पैदा हुनु दलको भविष्यका लागि हितकर छैन । पहिलो अनुभवका कमजोरीहरुलाई 'प्रारम्भिक सिकाइ' मानेर नेतृत्वले आत्मसमीक्षा गर्नु जरुरी छ ।

# दमककी कुँवर धरौटीमा रिहा

दमक / दमक-९ स्थित पूर्णिमा टोलकी एक दलित महिला माथि जातीय छुवाछूत तथा भेदभाव कसूर गर्ने सोही टोलकी ५५ बर्षिया सानु कुँवर धरौटीमा छुटेकी छिन् ।

दमक ९ को पूर्णिमा टोल बस्ने पञ्चदेवी गजमेरलाई लामो समयदेखि पटक(पटक जातीय छुवाछूत गरी भेदभाव गर्दै सांघातिक आक्रमण गरेको आरोपमा पूर्णिमा टोलकी पीडक ५० हजार रूपैयाँ धरौटी बुझाएर छुटेकी छन् । कुँवरलाई जिल्ला अदालत झापाले ५० हजार रूपैयाँ धरौटीमा गत असार १० गते छोडेको इलाका प्रहरी कार्यालय दमकले जनाएको छ ।

पीडित गजमेरमाथि जातीय छुवाछूत र सांघातिक आक्रमण गर्ने कुँवरलाई जातीय छुवाछूत तथा भेदभाव कसूर र कुटपिट अंगभंग शिर्षकमा मुद्धा दर्ता गरिएको प्रहरी कार्यालय दमकले जनाएको छ ।

# क्याफे संस्कृति र दमक



✍ उत्तमप्रसाद भट्टराई

**सुन्दर, शान्त र रमणीय सानो नगर दमकमा हाल धेरै कफी सप पाइन्छन । उच्च शिक्षाको अब्बल केन्द्र हो दमक । राम्रा र गुणस्तीय स्कूल, छन दमकमा । संसारले मान्यता दिएको उच्च शिक्षाको ज्योती हो दमक बहुमुखी क्याम्पसि । स्वास्थ्य क्षेत्र समृद्धितर्फ उन्मुख छ । एउटा टिचिङ हस्पिटलको अभाव देखिदैछ दमकमा । दक्षिणका औधोगिक पार्कले गति लिन नसकेको हो की ? राजमार्ग उत्तर तर्फको भ्यु टावर निन्दा ग्रहण गर्ने प्वाइन्ट बन्दैछ की जस्तो लाग्छ । निर्माणको चाजो मिलाउने नीति निर्मातालाई कोही गाली गर्छन, कोही अग्नि पुजा गर्न समेत पछि नपर्ने हो दमक । पुस्तकालयको अभावले पठन संस्कृतीले संस्थागत रूप लिन सकेन ।**

अक्सफोर्ड विश्वविद्यालयको आफनो गरिमा थियो, अहिले पनि छुट्टै विशेषता लिएर हिंड्दै छ । अक्फोर्ड सहरमा सन. १६५० मा एउटा कफि सपले ग्राण्ड क्याफे

खोलियो । क्याफे तातो र स्वादिलो कफिको मात्र केन्द्र भएन, त्यहाँ समाजका माथिल्लो दर्जा जस्तै प्राध्यापक, शिक्षक, लेखक, कलाकारको जमघट हुन थालो । सहरका संभ्रान्त व्यक्ति, व्यापारी, उद्योगपति, घर(जग्गा व्यापारी त्यस क्याफेमा आउन थाले । संसद् र राजाको लंडाई समाप्त भई गणतन्त्र आएको अवस्थामा क्याफेमा गणतन्त्रवादी र राजावादीका आशा फल्ने, फुल्ने र फक्रन्थे, फल्थे । परिपक्व हुन्थे, भुँइमा झर्थे । ग्राण्ड क्याफेमा बौद्दिक व्यक्तिका आगमनले नयाँ उत्साह थपियो । प्राचिन ग्रिस र रोमन ग्रन्थका अध्ययन, अनुसन्धानका बहस हुन्थे, अंग्रेजी विद्धान प्राचिन ग्रन्थलाई मातृभुमीमा कसरी प्रयोग गर्न सकिन्छ भनि चिन्तित थिए, कफीको तातो घुड्कीले नयाँ उर्जा दिन्थ्यो ।

इङल्याण्ड र वेल्सको एकिकरण पश्चात् दुवै भुगोल जनाउने साझा नाम ब्रिटेन भएको थियो । भुगोल बडो समृद्धि बन्दै गयो । समृद्धिसँगै अंग्रेजका आँखा बाहिर तोर्सिए । उनिहरू समुद्रपारी निर्जन टापु, उर्वर भुमि, आदीवासी क्षेत्रमा पहुँच (खोज्थे । सन्, १६५० को दशकमा राजधानी लण्डनमा धेरै कफि हाउस प्रचलनमा आइसकेका थिए । सबै सपमा बौद्धिक वहस चल्थे, अगाडीका योजना चर्चामा आउथे । डच फ्रान्स, स्पेन, आदी उदयीमान देश विराना र निर्जन टापु, आदीवासी क्षेत्र, अशिक्षित देश, ठूलठूला जंगल, लेक बैसी चाहारिसकेका थिए । ती देशसंग प्रतिष्पर्धा गर्ने चर्चा चल्ने क्याफेमा । निसन, भिजन आदि सम्बन्धमा बौद्धिक व्यक्ति छलफल गर्थे । यसरी अंग्रेजी माटोमा खुलेका काफि सपले समग्र क्षेत्रलाई नयाँ उर्जा दिएका थिए । त्यहाँ छलफल हुन्थे, अध्यापन हुने अनुसन्धानका खाकामा चर्चा चल्थे की नयाँ क्षेत्रमा कसरी पाउ पासर्ने र जमाउने ? ती क्षेत्रका विकासका नाममा कसरी आदीवासीलाई झुक्याउने ? पाउ पसारेर भुगोल कसरी जोगाउन, अझ संमृद्धिमा कसरी श्रीबृद्धि गर्ने ? यि विषयमा सन् अठारौं सदीका प्रारम्भमा बहस चल्थे ती क्याफेमा ।

कफी एउटा चुस्की मात्र नभई अंग्रेजी संस्कृति बनिसकेको थियो । चिसो भुमीमा तातो प्रदार्थ मात्र नसम्झी अगाडी बढ्ने कदममा नयाँ तातो उत्साह सम्भन थाले अंग्रेजी मित्रहहरूले । अमेरिकन माहाद्विपमा बेलायती पकड जमिसकेको थियो । त्यहाँ शिक्षण संस्था खुलिसकेका थिए । लण्डन सहरका कफी हाउसमा त्यहाको शिक्षा नीति समेत बहसमा आएको थियो भन्ने प्रमाण पाइन्छ । यसरी कफी हाउस मनोरञ्जनको थलो र फुटानी खेल मात्र नभई शिक्षा, नीति निर्माणका प्रारम्भिक बहस केन्द्र भएका थिए ।

अठारौं सदिको प्रारम्भमा क्याफेका चरित्र परिवर्तन हुन थालेको पाइन्छ । नेपालीका उखान 'भेडा, भेडा तिर, बाख्रा आफनै बगाल तिर' भए जस्तै कफी पाराखीका प्रकृति अनुसार क्याफेमा जमघर हुन थाले । साना व्यापारी, ठूला पुजिपति, जग्गा धनि, वकिल शिक्षक, प्राध्यापक, लेखक, कलाकार, सर्वसाधारण, सबैका आआफ्ना क्षेत्र वेग्लाबेग्लै थिए, सोही प्रकृति र चारित्र अनुसार कफि हाउसहरू वर्गीकृत हुँदै गए । सन् १७०८/१७०९ को समयमा लण्डनको एउटा कफी केन्द्रका विविध लेखक क्रमशः एउटै समयमा पुग्न थाले, एउटै प्रकृतिका गफ भए । कफी हाउसका बहसका निचोडमा नियमित पत्रिका (Perodical Essay) प्रकाशन गर्ने चर्चाले मूर्तरूप लियो । क्याफे संस्कृतिले नयाँ उचाई प्राप्त गर्‍यो ।

रिचार्ड हिस्टलले सन १७०९ मा द टेटलर पत्रिका प्रकाशित गरे । त्यसमा एडिसनको नाम पनि जोडीयो । जोसिफ एडिसन र स्टिलले संयुक्त रूपमा 'द स्पेक्टेटर' दैनिक पत्रिका निकाल्न प्रारम्भ गरे ।

यि नियमित पत्रिकाले समाचार, स्तम्भ, खेलकुद आदिलाई जनमानसमा पुर्‍याए । अर्को महत्वपूर्ण योगदान यो दोखियो कि ती पत्रिकामा विविध विषय जस्तो की जात, जाती र विविध सामाजिक परिवेशका विषय (Diverse Content) समेत देखिए । पछाडि परेका समूह ओझेलमा पारिएका, धकेलिएका जातीहरूका आवाजले पत्रिका सिंगारिए । आर्थिक विविधता अगाडि आए ।

क्याफेमा जम्मा भएका निबन्धकार र लेखकले क्याफेको श्रीवृद्धि गरेनन्, दविएका आवाज, जनजातिका आवाज, भुइँमान्छेका पीडा छताछुल्ला बनाए । अन्य क्याफेले समेत सकारात्मक भूमिका खेले होलान् । ब्रिटेनको श्रीवृद्धि हुँदै गयो, अगाडी बड्दै गयो । क्याफे संस्कृतिले वेलायतलाई शिविरमा पुर्‍यायो ।

अब प्रसंग बदलौं, कफि सस्कृतिको हाम्रोमा के प्रभाव पर्दैछ, समयले वताउँला ? भविश्यका पिढीले लेल्छन भविम्वले पढ्ला । कफि हाउसको प्रारम्भ कसरी र किन भयो होला ? हाम्रो देशमा, पछि आउँछ । सन १८१६ को सुगौली सन्धि पछि ब्रिटिस प्रतिनिधि कालो सुट र टाईमा उपत्यका भित्रिए, सायद उनिहरूले कफि समेत लिएर आए की ? अर्को तर्फ दक्षिण सिमानाबाट भित्रियो की ? या सर्वसाधारण भन्दा विशिष्ट देखिने राणाले भित्र्याए की ? अध्ययन होला, अनुसन्धान होला ।

सुन्दर, शान्त र रमणीय सानो नगर दमकमा हाल धेरै कफी सप पाइन्छन । उच्च शिक्षाको अब्बल केन्द्र हो दमक । राम्रा र गुणस्तीय स्कूल, छन दमकमा । संसारले मान्यता दिएको उच्च शिक्षाको ज्योती हो दमक बहुमुखी क्याम्पसि । स्वास्थ्य क्षेत्र समृद्धितर्फ उन्मुख छ । एउटा टिचिङ हस्पिटलको अभाव देखिदैछ दमकमा । दक्षिणका औधोगिक पार्कले गति लिन नसकेको हो की ? राजमार्ग उत्तरतर्फको भ्यु टावर निन्दा ग्रहण गर्ने प्वाइन्ट बन्दैछ की जस्तो लाग्छ । निर्माणको चाजो मिलाउने नीति निर्मातालाई कोही गाली गर्छन, कोही अग्नि पुजा गर्न समेत पछि नपर्ने हो दमक । पुस्तकालयको अभावले पठन संस्कृतीले संस्थागत रूप लिन सकेन । यस्तै उतार चढाव छन्, मेरो दमकमा । मेरो दमक, गौरवको दमकमा धेरै क्याफे खुलेका छन यतिबेला । यहाँको संस्कृति कस्तो होला ? लगानीकर्ता मित्रहरू जान्नुहुन्छ अक्फोर्डको ग्राण्ड क्याफे हुदै अगाडी लम्किएको स्याफे संस्कृति साइबर संस्कृतिमा परिणत भए दमकमा चार चाँद थपिने थिए । दमकमा खुलेका क्याफेमा सत्रौ र अठारौं सदीको बेलायती क्याफे संस्कृति भित्रिन सके साँच्चै दमक बन्ने छ । नयाँ आशा फुल्ने र फक्रिने अपेक्षा गर्न सकिन्छ ।

# नियम उल्लंघन गर्ने चालकलाई हुन्छ यस्तो कारवाही

दमक/ अब ट्राफिक नियम उल्लंघन गर्ने चालक तथा सवारीधनीलाई हालको तुलनामा निकै कडा आर्थिक दण्ड हुने भएको छ ।

पूर्वाधार विकास मन्त्रालयले तयार गरेको 'सवारी तथा यातायात व्यवस्था विधेयक' हाल राय(सुझावका लागि कानुन मन्त्रालयमा पठाइएको छ । विधेयक कानुनका रूपमा पारित भएपछि मात्रै यो नियम कार्यान्वयनमा आउनेछ ।

मस्यौदाको दफा ६२ अनुसार मादक पदार्थ वा नसालु पदार्थ सेवन गरेर सवारी चलाउने चालकलाई २५ हजारदेखि ५० हजार रूपैयाँसम्म जरिवाना गर्ने प्रस्ताव गरिएको छ । निर्धारित सुरक्षित गति सीमाभन्दा बढी गतिमा सवारी चलाउनेलाई पनि सोही दरको जरिवाना लाग्ने व्यवस्था गरिएको छ ।

सवारी चलाउँदा मोबाइल फोन प्रयोग गर्नेलाई १० हजार रूपैयाँ जरिवाना प्रस्ताव गरिएको छ भने सवारीमा अपारदर्शी सिसा राख्ने वा बाहिरबाट भित्र नदेखिने गरी सिसा छोप्ने सवारीधनीलाई एक लाख रूपैयाँसम्म जरिवाना गर्ने व्यवस्था गरिएको छ ।

लाइसेन्सबिना सवारी चलाएमा दुई तथा तीनपाङ्ग्रे सवारीका चालकलाई पाँच हजार, साना तथा मझौला सवारीका चालकलाई १० हजार र ठूला सवारीका चालकलाई १५ हजार रूपैयाँ जरिवाना गर्ने प्रस्ताव छ । एउटा वर्गको लाइसेन्स लिएर अर्को वर्गको सवारी चलाउनेलाई पनि यही व्यवस्था लागू हुनेछ ।

सार्वजनिक यातायातमा क्षमताभन्दा बढी यात्रु बोकेको पाइएमा ५० हजार रूपैयाँसम्म जरिवाना हुनेछ । सार्वजनिक सडकमा निर्माण सामग्री, मालसामान वा सवारी राखेर आवागमन अवरूद्ध



गरेमा पाँच हजारदेखि २५ हजार रूपैयाँसम्म जरिवाना गर्ने प्रस्ताव गरिएको छ ।

यस्तै, हेल्मेट वा सुरक्षा पेटी प्रयोग नगरी सवारी चलाएमा तीन हजार रूपैयाँ, लेन अनुशासन उल्लंघन गरेमा १० हजार रूपैयाँ, ट्राफिक संकेत पालना नगरेमा तीनदेखि पाँच हजार रूपैयाँ तथा निषेधित क्षेत्रमा हर्न बजाएमा ५०० रूपैयाँ जरिवाना प्रस्ताव गरिएको छ ।

अत्याधुनिक प्रविधिद्धारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।
Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

खड्ग बहादुर खड्काको
कविता संग्रह
ज्वाला
विभिन्न पुस्तक पसलमा उपलब्ध छ ।
किनेर पढ्न चाहनेले नजिकको पुस्तक पसलमा सम्पर्क गर्नहुन अनुरोध छ ।
सम्पर्क नम्बर : ९८४४६८०४९९

AAMA Dental
We Care For Your Smile
आमा डेन्टल प्रा.लि.
आफनो स्थापनाको १०औं को वार्षिकोत्सव
शुभअवसरमा आफ्ना आदरणीय सेवाग्राहीहरुका लागि.....
विशेष अफर
प्रदान गर्दछौं ।
१ निःशुल्क ओपीडी सेवा ।
२ डेन्टल एक्स-रेमा ५०% छुट ।
३ सबै किसिमका दन्त उपचार सेवामा २०% सम्म छुट ।
यो अफर जेठ महिना भरि लागु हुनेछ....
दमक-६, थानारोड (प्रधान कार्यालय) सम्पर्क नम्बर : 023-572643/ 9814912500
दमक-१, रवि स्टेन्ड गेट नजिक (शाखा कार्यालय) सम्पर्क नम्बर : 023-577816

# तराइका बजार धान्दै धनकुटाको तरकारी



धनकुटा/ धनकुटाको डाँडाबजारमा कुहिरो अझै फाटिसकेको थिएन । सिरसिरे हावाले चिसोको स्पर्श दिइरहेका बेला ४५ वर्षीय खड्गबहादुर लिम्बू भने निथ्रुक्क भिजेर बारीमा व्यस्त थिए । हातमा कचिया (हँसिया) र ढाडमा डोको बोकेर उनी आˆनो १२ रोपनीको काउली बारीमा पसेका थिए ।

तराईबाट व्यापारीको गाडी उकालो लाग्दै थियो । त्यसैले उनलाई हतारो थियो( करिब १०० केजी काउली (फूलकोपी) तयार पार्न । उनीसँगै उनकी श्रीमती रमा लिम्बू पनि त्यत्तिकै जोसका साथ काउली टिप्न साथ दिइरहेकी थिइन् ।

"यो हाम्रो पसिनाको फल हो," बारीमा काउली टिप्दै गरेका खड्गबहादुरले भने, "मकै र कोदो मात्र फल्ने यो पाखोमा अहिले सेतो फूल ( काउली) फुल्न थालेपछि हाम्रो जीवनको लय पनि फेरिएको छ ।"

खड्गबहादुरको परिवारले वर्षमा दुई बाली फूलकोपी लगाउँछन् । यस पटकको पहिलो बालीमा १२ रोपनीमा काउली लगाएका छन् । अहिले उनको बारीमा एक केजीसम्मका कोपी फलेका छन् र बोटहरु पनि सप्रिएका छन् । विगतका वर्षहरुमा किराले दुःख दिए पनि यसपालि भने बाली राम्रो भएकोमा उनी खुसी छन् । "गत वर्ष किराले हैरानी बनाएको थियो, यसपटक बाली सप्रिएको छ । ६० क्विन्टलसम्म उत्पादन हुने अनुमान छ," उनले भने ।

अहिले डाँडाबजार घुम्न आउने आन्तरिक पर्यटकहरु पनि फर्कँदा तरकारी बोकेर जान्छन् । खड्गबहादुरले पर्यटकलाई बारीबाटै टिपेर प्रतिकेजी ५० रूपैयाँमा दिन्छन् भने व्यापारीलाई ३० देखि ३५ रूपैयाँमा बिक्री गर्छन् । यस सिजनमा ३ देखि ४ लाख रूपैयाँ आम्दानी हुने उनको विश्वास छ । खड्गबहादुरले वार्षिक ५० हजार रूपैयाँ भाडा ( लिज) तिर्ने गरी अर्काको जग्गामा यो पौरख गरिरहेका हुन् ।

यो दृश्य साँगुरीगढी गाउँपालिका(५, डाँडाबजारको एउटा प्रतिनिधि चित्र मात्र हो । कुनै समय खाद्यान्न संकटको पीरलो खेप्ने यो गाउँ अहिले पूर्वी नेपालकै 'तरकारी भण्डार' बनेको छ । यहाँको सिंगो गाउँ नै अहिले व्यावसायिक तरकारी खेतीमा होमिएको छ ।

बिचौलिया र मूल्यको उतारचढाव

सम्भावना हुँदाहुँदै पनि किसानहरु मूल्यको अस्थिरता र बिचौलियाको दबदबाबाट त्रसित छन् । "हामीले ३०(३५ रूपैयाँमा बेचेको काउली उपभोक्ताको भान्सामा पुग्दा ८०(१०० पुग्छ," सीता घिमिरे भन्छिन् । कहिलेकाहीँ भाउ घटेर २० रूपैयाँमा झर्दा लागत उठाउनै मुस्किल पर्छ ।

तराईमा अत्यधिक तापक्रम बढेपछि गर्मी छल्न डाँडाबजार पुगेका विराटनगरका विवेक गौतमसहितको टोली फर्कँदा ५० केजी तरकारी बोकेर फर्किए । उनीहरूले खड्गबहादुरको बारीबाट मात्रै २८ केजी कोपी खरिद गरे ।

डाँडाबजारको माटो अहिले समृद्धिको सुगन्धले भरिएको छ । तर, यहाँका पौरखी हातहरूलाई राज्यको भरपर्दो प्राविधिक सहयोग र बजार मूल्यको ग्यारेन्टी चाहिएको छ ।

## साहित्य

### खाताबन्दीका दिनहरू



◆ खड्गबहादुर खड्का


आयो आषाढ महिनाको अन्तिम दिन
आयो खाताबन्दी बार्षिकी आएछ
वर्षौ वर्ष बितेर आजसम्म सैतिसौं वर्ष पार भएछ
बचत खाता, मुद्धती खाताहरुमा
ब्याज निकाली लिनुपर्ने भएछ ॥
कर्जा खाताहरुमा पनि सबैमा
सावाँ ब्याज ओ/एसमा राख्नुपर्ने
बचत लेजरहरुमा सबैमा
पाना पल्टाउने दिन आएछ
चालै नपाई बैंकभित्र २३ वर्ष बिताई सकिएछ ॥
कालो आँधीबेहरीभित्र
गुम्सिन पो पुगिएछ
दरिद्रता हटाउन आएको.
गहिरो खाल्टोभित्र परिएछ ॥
देखेन ईश्वरले दुःखका क्षण,
देखेनन् सञ्चालकहरूले यो व्यवस्था
के गर्न सक्छ र ? सानो पद
सम्झिरहन्छु खाताबन्दीका दिनका अवस्था ॥

## प्रेरक प्रसंग

१. पीडा त धेरै छन् जिन्दगीमा तर यतिकै मुस्कुराउनुको मज्जा बेग्लै हुँदो रहेछ ।
२. कुनै गुनासो छैन अब मलाइ तिम्रो धोका सँग तिमी उसलाई खुशी राख म एक्लै नै सहि छु ।
३. मुखले आफ्नो बनाउने मान्छेहरुको व्यवहार पराइको जस्तो हुन्छ ।
४. समय चाहे जति नै बदलियोस् तर आमाको माया कहिल्यै बदलिंदैन ।
५. रोटी दिने औकात छैन भने कृपया ढुङ्गाले पनि नहानी दिनु होला ।
६. एक पट्क लड्दैमा जीवन सकिंदैन लडेर उठ्नु पनि जीवन हो जसरी यो रूखले जीवनसँग हार मानेन ।
७. मनमा लागेका चोटले जिउन सिकाउँछ भने खुट्टामा लागेको चोटले सम्हालिएर हिंड्न सिकाउँछ ।
७. मनमा लागेका चोटले जिउन सिकाउँछ भने खुट्टामा लागेको चोटले सम्हालिएर हिंड्न सिकाउँछ ।
८. जिन्दगीमा तुफान नोक्सान गर्न मात्रै आउँदैन केही तुफानहरु आएर बाटो साफ हुन्छ ।
९. राम्रो त सबै हुन्छन् बस चिन्नको लागि खराब समय आउनु पर्छ ।
१०. पानी तताएर बाक्लो बनाउँछु भन्नू र बैगुनी लाई गुन लाएर आफ्नो बनाउँछु भन्नू उस्तै हो ।
११. सत्यको बाटोमा हिंदूँ एकदमै फाइदाको कुरा हुन्छ किनकी यो बाटोमा भिड कम हुन्छ ।
१२. दुख सबैको हुन्छ तर दुखमा साथ दिने मान्छे सबैको भाग्यमा हुँदैन ।

## विश्व प्रसिद्ध व्यक्ति/व्यक्तित्व

# बिस्मार्क



◆ सुमित्रा सिंह

**जर्मनी : राष्ट्रनिर्माता**
**जन्मः १८१५ मृत्यु : १८९८**

बिस्मार्कको जीवनको ध्येय छरिएका साना-साना प्रशियन राज्यहरूलाई संगठित गरेर एक राष्ट्रको स्वरूप दिनु थियो। जर्मनी त्यस समय साना-साना राज्यहरुमा बाँडिएको थियो र त्यसको एक भागलाई प्रशिया भनिन्थ्यो । त्यस समय जर्मनीको यो भाग नै प्रमुख थियो। बिस्मार्क देख्नमा अग्ला र प्रभावशाली व्यक्ति थिए । प्रारम्भदेखि नै उनको इच्छा जर्मन राजनीतिमा महत्त्वपूर्ण भूमिका निभाउनु थियो ।

बिस्मार्क आफ्ना प्रयत्नहरूबाट १८६२ मा प्रशियन मन्त्रीमण्डलका प्रमुख बने । उनले आफ्नो शक्तिको प्रदर्शन गर्नको लागि अर्को वर्ष नै डेनमार्कको विरूद्ध युद्ध छेडे । १८६६ मा उनले एक सानो प्रदेशको प्रश्नमा अस्ट्रियासँग पनि युद्ध गरे र दुवै युद्धमा उनले विजय प्राप्त गरे । बिस्मार्कले कठिन परिश्रम तथा शक्ति-प्रदर्शनबाट अनेक महत्त्वपूर्ण कार्यहरु सिद्ध गर्नु उनको एक विशेषता हो । उनले पहिले उत्तरी क्षेत्रका रियासतहरूलाई मिलाएर तिनीहरूको संघ बनाए र त्यसपछि दक्षिण-क्षेत्रका रियासतहरूलाई त्यस संघमा सामेल गरे । त्यसपछि उनलाई नयाँ जर्मनी साम्राज्यको 'प्रथम चान्सलर बनाइयो । जब कैजर जर्मनीको गद्दीमा बसे, तब १८७१ देखि १८८५ सम्म बिस्मार्कलाई राजकुमारको पद दिइयो । त्यस समय युरोपभरिमा बिस्मार्क निकै महत्वपूर्ण व्यक्ति मानिन्थे ।

बिस्मार्कको जन्म १ अप्रिल, १८१५ मा भएको थियो। बर्लिन र गोटिनजनमा शिक्षा पाएर १८३५ मा बीस वर्षको उमेरमा उनले कानुनमा डिग्री हासिल गरे र न्याय विभागमा काम गर्न थाले । जागिर छोडेर बिस्मार्क घुम्नको लागि इङ्गल्याण्ड र फ्रान्स गए। यो यात्राले उनको मस्तिष्क विस्तार भयो । आˆनो यात्राबाट फर्केर बिस्मार्कको मनमा एउटा ठूलो परिवर्तन आयो । बाल्यकालमा आफ्ना शिक्षक र आफ्नी आमाको प्रभावको कारण उनको ईसाइ सिद्धान्तबाट विश्वास हट्दै गइरहेको थियो । त्यो विश्वासको स्थान लिनको लागि कुनै नयाँ विश्वासले अझैसम्म उनलाई प्रभावित गर्न सकेको थिएन । अब उनको सम्पर्क धार्मिक विचारका मानिसहरूको मण्डलीसँग भयो । यिनीहरूको मानसिक शान्तिबाट प्रभावित भएर उनी यसमा सामेल भए । १८४७ मा आफ्नो पिताको मृत्युपछि उनले यो मण्डलीकी एक युवती जोहनासँग विवाह गरे । १८५८ मा फ्रेडरिक विलियम चतुर्थको स्वास्थ्य धेरै बिग्रिएको थियो । यसैले उनका भाइ विलियम शासन चलाउनको लागि नियुक्त गरिए । क्रमशः .....

## स्वास्थ्य रहने सुझाव



# चिनी कति हानिकारक ?

चिनी आज हाम्रो दैत्तिक जीवनमा यतिधेरै घुलिसकेको छ कि यसको गुलियोपन बाहेक त्यसको टर्रोपनको अनुमान पनि हामीलाई हुँदैन जुन हाम्रो स्वास्थ्यको लागि हानिकारक छ ।

**चिनीबाट नोक्सान**

८ सेतो चीनीको निर्माणको लागि उखुको रसमा पाइने प्रोटीन, भिटामिन, खनिज आदि उपयोगी पदार्थ निकालेर बिल्कुल सफा गरिन्छ, जसको कारण चीनीमा मिठास बाहेक अरू कुनै वस्तु हुदैन, जुन शरीरको पोषणमा सहायक होस् । यसैले चीनी शरीरमा पूर्ण रूपमा घुल्न सक्दैन र बाहिर निस्कने कोसिसमा कयौ विकृति र रोग जन्माउँछ ।

चिनीबाट हुने रोग

साधारण मानिसलाई यही मात्रा थाहाँ छ, चिनी या यसबाट बनेका चीज धेरै खादा दांत खराब हुन्छ, तर यो बाहेक हृदय रोग, अपच, मोटोपना, मधुमेह, हिंसक व्यवहार, चिडचिडापन, मूत्राशयको क्यान्सर, छालाको रोग, क्रोमोजोमको-क्षति, पिसाब सम्बन्धि रोग, स्तायविक विकृति, बेचैनी, अनिन्द्रा जस्ता रोग उत्पन्न हुने आशंका पनि हुन्छ ।

चिकित्सा विशेषज्ञको भनाइअनुसार चीनीको धेरै सेवन गर्नाले रगतमा चिनीको स्तर बढ्छ, जसको कारण अन्तः स्रावी प्रणाली -पेंक्रियाजन्य अनुक्रिया) बढावा मिल्छ । यसको परिणाम स्वरूप हाइपोग्लाइसेमिया नामक रोग, यानी रगतमा चिनीको कमी हुने समस्या देखिन्छ ।

चिनीको दाँतमा दुष्प्रभाव

दाँतका विशेषज्ञको भनाइ छ चिनीको सबैभन्दा धेरै दुष्प्रभाव दांतमा नै पर्छ । जुन बच्चाले धेरै गुलियो खानेकुरा खान्छन्, उनीहरूको दांत छिटै बिग्रन्छ । दांत सहने, भाचिने, हल्लिने, खोक्रो हुने, कीरा लाग्ने र दुख्ने जस्ता अनेकौ खराबी उत्पन्न हुनाले दाँतले आफनी सौन्दर्य गुमाउने मात्र हैन आहार चपाउन आफ्नो प्रमुख कार्य पनि पूरा गर्न सक्दैन ।

**चिनीको आदर्श विकल्प**

सेतो चीनी मानिसको लागि प्राकृतिक खाद्य पदार्थ हैन । त्यसमा त्यो तत्व पाइदैन जुन सख्खर या खांडबाट बनेको चीनीमा हुन्छ । चीनीको बदलामा यदि तपाईं गुलियो ल्याउन चाहनुहुन्छ भने सख्खर, मह, खजूरको उपयोग गर्न सक्नुहुन्छ । यसको सेवनले स्वादको तृप्ति हुन्छ साथै प्रोटीन, फलाम, क्याल्शियम, भिटामिन जस्ता पोषक तत्व पनि शरीरले पाउँछ जसबाट मांसपेशीलाई बढाउने रगतको निर्माण तथा हड्डि बलियो बनाउँन मद्दत मिल्छ ।

सख्खर उखुको रसबाट, ताडको रसबाट या खजूरको रसबाट बनाउने गरिन्छ । ताडको सख्खर पौष्टिकताको दृष्टिले धेरै लाभदायक हुन्छ । किनकि यसले सूर्यको किरणको प्रभाव र प्राकृतिक भिटामिन धेरै मात्रामा प्राप्तगर्छ । वैज्ञानिकको मतअनुसार १०० ग्राम सख्खरमा सुक्रोज २८.७० प्रतिशत, ग्लूकोज '२१.२० प्रतिशत, अनिज ›व्य ३.२६ प्रतिशत तथा पानी ८.६६ प्रतिशत हुन्छ । महर्षि चरकका अनुसार सख्खरको सेवनले हड्डिको मासी, रगत, मासु र बोसो बढ्छ, जसबाट शरीरमा पुष्टता र सुडौलता आउछ । यसको नियमित सेवन गर्दा शारीरक दुर्बलता हटेर जान्छ ।

फलको प्राक्तिक मिठास स्वास्थ्यको लागि धेरै लाभदायक हुन्छ । जुन चिनी हामीले फलबाट प्राप्त गछौं, त्यसमा कार्बोहाइड्रेटको सात्रा पर्याप्त मात्रामा रहन्छ र शारीरक विकास प्राकृतिक रूपा चलिरहन्छ । यसैले जहाँ सम्म सम्भव हुन्छ चीनीको स्थानमा सख्खरको प्रयोग गर्ने ।

## चाखलाग्दा खोजपूर्ण जानकारीहरु

संकलक : बमबहादुर थापा

### शुद्ध आचार विचार

१) कुनै चिजमा अति नगर्नु ।
२) सुखमा अत्ति हर्ष र दुःखमा अति विस्मात मानी आफ्नो सन्तुलनलाई कहिल्यै नविगार्नु । ३) हतारमा कुनै निर्णय नलिनु ।
४) नचाहिंदो सोच विचार नराख्नु ।
५) उच्छृङखलता, अश्लिलता र गुण्डा गर्तीमा नलाग्नु ।
६) मेहनत नगरी त्यसै नखानु ।
७) जुन काम कुरा अरूले आफूलाई गर्दा नराम्रो लाग्छ, त्यस्तो काम कुरा अरुलाई पनि आफूले नगर्नु ।
८) जुवा, तास र व्यभिचारबाट सदैव टाढा रहनु ।
९) फजुल खर्च नगर्नु । १०) समयलाई व्यर्थ खेर नफाल्नु ।
११) अनावश्यक रुपले धेरै नबोल्नु
१२) कसैमाथि अनुचित दृष्टि नराख्नु ।
१३) साना साना कुरामा उत्तेजित नहुनु ।
१४) फेसनमा लागि धन र समय खेर नफाल्नु ।
१५) नबाज्नु, गाली गलौचा र अपमानको भाषा नबोल्नु
१६) जिद्दिवाल, अभिमान र हठ नगर्नु ।
१७) काम, क्रोध, लोभ, मोह, ईर्षुया, घृणा, सनक पन र झोक जस्ता नकरात्मक वेगहरुलाई त्यागिदिनु ।
१८) शान्ति, एकता, स्थिरता, पवित्रता, गम्भीरता, प्रसन्नता र आनन्द जस्ता सत् प्रवृत्तिलाई अंगाल्नु ।
१९) दया, क्षमा, धैर्य, सन्तोष, परोपकार र दानलाई जीवनमा उतार्नु ।
२०) शरीर, मन र वचनले हिंसा नगर्नु ।
२१) चोरी नगर्नु, सत्य बोल्नु, प्रिय र हितकारी बचन बोल्नु
२२) फटाहा कुरा र कटु वचन नबोल्नु ।
२३) सबेसँग विनम्र व्यवहार गर्नु ।
२४) अप्ठ्यारोमा परेकामालाई सेवा र सहयोग गर्न सदैव तत्पर रहनु ।
२५) जातभात, भेषभुषा, मत-सम्प्रदाय, लिंग, वर्ण आदि भेदभावका आधारमा कसैसँग पनि पक्षपात पूर्ण व्यवहार नगर्नु ।

## विश्वकप विशेष



# पहिलो पटकमै केप भर्डे नकआउट चरणमा



एजेन्सी । फिफा विश्वकप फुटबल २०२६ मा पहिलो पटक सहभागी भएको केप भर्डे समूह एचको उपविजेताका रूपमा नकआउट चरणमा प्रवेश गरेको छ भने बेल्जियम समूह जीको विजेता बन्दै अन्तिम ३२ मा पुगेको छ ।

अमेरिकाको ह्युस्टन रंगशालामा शुक्रबार बिहान भएको समूह एचको अन्तिम खेलमा साउदी अरेबियासँग गोलरहित बराबरी खेलेपछि केप भर्डेले तीन खेलबाट तीन अंक जोड्दै अन्तिम ३२ मा स्थान सुरक्षित गर्‍यो । प्रतियोगितामा पहिलो पटक सहभागी केप भर्डेले समूह चरणका तीनवटै खेल बराबरीमा टुङ्ग्याएको थियो । यसअघि उसले स्पेन र उरूग्वेसँग पनि अंक बाँडेको थियो । यस नतिजासँगै साउदी अरेबिया भने प्रतियोगिताबाट बाहिरिएको छ ।

यता, क्यानडाको बिसी प्लेस भ्यानकुभर स्टेडियममा भएको समूह जीको खेलमा बेल्जियमले न्युजिल्याण्डलाई ५-१ गोलले पराजित गर्दै समूह विजेताको रूपमा नकआउट चरणमा स्थान बनायो ।

बेल्जियमको जितमा लिएन्ड्रो ट्रोसार्डले दुई गोल गरे भने केभिन डे ब्रुएना, रोमेलु लुकाकु र एलेक्सिस साएलेमाकर्सले एक-एक गोल थपे । न्युजिल्याण्डका इलाइजाह जस्टले सान्त्वना गोल फर्काएका थिए ।

ट्रोसार्डले २८औँ र ५०औँ मिनेटमा गोल गर्दै बेल्जियमलाई अग्रता दिलाएका थिए । त्यसपछि ६६औँ मिनेटमा डे ब्रुएनाले गोल थपे । ८४औँ मिनेटमा इलाइजाह जस्टले गोल फर्काए पनि त्यसपछि लुकाकु र इन्जुरी समयमा साएलेमाकर्सले गोल गर्दै बेल्जियमलाई ५-१ को सहज जित दिलाए ।





आज मिति
२०८३ साल
असार १४ गते
आइतबार
28 June 2027
तिथि: चर्तुदशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगाम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | आफन्तबाट सहयोग । भाग्यको उदय । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | शत्रु परास्त । व्यवसायमा लाभ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | आफन्तबाट धोका । रोगव्याधिको भय । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | कार्यमा सफलता । शिक्षामा रुचि । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | प्रशासनिक क्षेत्रबाट लाभ । रोजगारीको अवसर । |
| कन्या | टो प पी पॅ ष ण ठ पे पो | व्यापारमा लाभ । व्यक्तित्व विकास । |
| तुला | रा री रु रे रो ता ती तु ते | कार्यमा बाधा । स्वास्थ्यमा समस्या । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | जीवनसाथीको प्रगति । व्यापारमा लाभ । |
| धनु | य यो भा भी भ धा फा ढ भे | मानसम्मान बढ्ने । काममा सफलता । |
| मकर | भो जा जी खि खू खे खो गा गी | रोजगारीको अवसर । पढाइमा सफलता । |
| कुम्भ | गॅ गे गो सा सी सँ से सो द | सवारी साधनमा केही समस्या । पारिवारिक बोझ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | हिम्मत बढ्ने । प्रेममा सफलता । |



कमल गाउँपालिका वडा नं. ४ को वडा कार्यालय भवन पुनर्निर्माण हुँदै ।

**धानको....**सुदूरपश्चिम र कर्णालीमा यसपटक ठूलो धक्का लागेको छ । गत वर्ष यही अवधिमा सुदूरपश्चिममा ४५.५ प्रतिशत र कर्णालीमा ३९.१ प्रतिशत रोपाइँ भइसकेको थियो । लुम्बिनी र मधेशमा भने गत वर्ष (क्रमशः ९.७% र ३.९%) को तुलनामा यस वर्ष केही सुधार देखिएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार जुन १ देखि २५ तारिखसम्म देशभर औसत १४९ मिलिमिटर मात्र वर्षा मापन भएको छ । यो यस अवधिको सामान्य औसत ( २१४ मिलिमिटर) को ६९.६ प्रतिशत मात्रै हो । मनसुन सक्रिय भए पनि देशका धेरैजसो भूभागमा ३० प्रतिशतभन्दा कम वर्षा भएकाले खेतमा पर्याप्त चिस्यान हुन नसकेको र किसानले रोपाइँलाई तीव्रता दिन नसकेको जल तथा मौसमविद्‌हरूको भनाइ छ ।

नेपालमा बर्खे धानका लागि कुल १३ लाख ८१ हजार ४८८ हेक्टर क्षेत्रफल उपयुक्त मानिन्छ, जसमा तराई क्षेत्रको हिस्सा ७० प्रतिशत छ । तर, हालसम्म १ लाख ५६ हजार ५८३ हेक्टर जमिनमा मात्रै रोपाइँ सकिएको विभागले जनाएको छ । मुख्य खाद्यान्न बाली धानको रोपाइँ समयमै हुन नसक्दा यस वर्ष राष्ट्रिय उत्पादन घट्न सक्ने चिन्ता कृषकहरूले व्यक्त गरेका छन् ।

**चैते....**अघिल्लो साल चैते धानको मूल्य क्विन्टल दुई हजार सात सयसम्म पुगेकोमा यस वर्ष घटेर क्विन्टल दुई हजार सम्ममा भइरहेको रङ्गेली नगरपालिका-१ का किसान चन्द्र अधिकारी बताउँछन् । चैते धानले लगानी पनि नउठेको गुनासो गर्दै बेलबारी ९ नलबारीका किसान नरबहादुर कटुवालले भने -"भण्डारणको समस्याले गर्दा पनि धान सस्तोमा बेच्नुपरेको छ, किसानको पहुँचमा भण्डारण हुनेथ्यो भने यति सस्तोमा धान बेच्नुपर्ने थिएन । "कृषि ज्ञान केन्द्रका अनुसार १७ पालिकामध्ये सुन्दरहरैचा, बेलबारी, पथरीसनिश्चरे, उर्लाबारी, कानेपोखरी, रतुवामाई, सुनवर्षी, रङ्गेली र जहदाका किसानले विशेषगरी चैते धानको खेती गर्ने गरेका छन् ।

**लागुऔषध....**२० च्यानडाँडा सिरान सामुदायिक वन क्षेत्रबाट बेवारिसे अवस्थामा कालो प्लास्टिकमा प्याक गरिएको १२० केजी गाँजा बरामद गरेको कोशी प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं वरिष्ठ प्रहरी उपरीक्षक योगेन्द्रसिंह थापाले जानकारी दिए ।

**राजश्व....**प्राप्ति ११ खर्ब ४३ अर्ब १० करोड ११ लाख पुगेको छ । जुन वार्षिक लक्ष्यको ७४ दशमलव ५४ प्रतिशत हो ।

यस्तै, कूल सरकारी खर्चतर्फ रू १४ खर्ब चार अर्ब ९८ करोड ८६ लाख बराबर पुगेको छ । यो कूल लक्ष्यको ७१ दशमलव ५३ प्रतिशत हो । शुक्रबार मात्रै रू पाँच अर्ब ३६ करोड ८२ लाख खर्च भएको छ ।

खर्चको प्रकृतिअनुसार चालु तर्फ ८० दशमलव ४२ प्रतिशत रहेको छ । कूल रू ११ खर्ब ८० अर्ब ९८ करोडको लक्ष्यमध्ये रू नौ खर्ब ४९ अर्ब ७५ करोड ९५ लाख खर्च भइसकेको छ ।

**११ जिल्ला...**सङ्क्रमित भाइरसमा कुनै आनुवंशिक परिवर्तन (म्युटेसन) भएको छ वा छैन भन्ने यकीन गर्न राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँगको सहकार्यमा भाइरसको जिन अनुक्रमण प्रक्रिया पनि सुरू गरिएको विभागले जनाएको छ । यसैगरी, पन्छी तथा पन्छीजन्य उत्पादनको ओसारपसार गर्दा अनिवार्य रूपमा भेटेरिनरी प्रमाणपत्र लिन, नियमित खोप लगाउन तथा कुनै फार्ममा अस्वाभाविक रूपमा धेरै पन्छी बिरामी वा मरेको देखिए तत्काल नजिकको पशुसेवा कार्यालयमा जानकारी गराउन विभागले अनुरोध गरेको छ ।

विभागले पन्छीपालक किसानलाई फार्ममा जैविक सुरक्षा (बायोसेक्युरिटी) का मापदण्ड कडाइका साथ पालना गर्न, पुराना अण्डाका क्रेट पुनःप्रयोग नगर्न, ढुवानीका साधन पूर्ण रूपमा निसङ्क्रमण गरेर मात्र फार्मभित्र प्रवेश गराउन तथा जङ्गली पन्छीसँग घरपालुवा पन्छीको सम्पर्क हुन नदिन आग्रह गरेको छ ।

**कैदीहरू....**अहिले प्रहरीले गिरीमाथि मोरङ कारागारका कैदीबन्दीलाई सरकारले दिने दैनिक भत्ता, जाडो र गर्मीको लुगा भत्ता तथा कैदीबन्दीले श्रम गरेर कमाएको रकम असुली गरेको अभियोग लगाएको छ । मोरङ प्रहरी प्रमुख एसपी कवित कटुवालले अनुसन्धानका लागि उनलाई नियन्त्रणमा लिइएको जानकारी दिएका छन् ।

**ओलीले...**तथ्यगत आधारबीच मेल नखाने देखिएको दाबी गर्दै सार्वजनिक भएको निर्णयप्रति गम्भीर शंका व्यक्त गरेका छन् । निवेदनमा आफूले गरेका काम कानुनविपरीत नभएको निष्कर्ष निकालिएको उल्लेख गरिए पनि संविधान र कानुनअनुसार कारबाही गर्न नमिल्ने व्यक्तिमाथि पश्चातदर्शी कानुन बनाएर कारबाही गर्न सिफारिस गरिएको भन्ने विषय विश्वासयोग्य नभएको उल्लेख गरिएको छ ।

## अन्तर्राष्ट्रिय

## इरानको जवाफी हमला, अमेरिकी सैन्य अड्डा निशानामा

एजेन्सी /इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आईआरजीसी) इरानी तटीय क्षेत्रहरूमा भएको अमेरिकी हवाई आक्रमणको जवाफमा अमेरिकी सैन्य स्थानहरूलाई लक्षित गरी आक्रमण गरेको घोषणा गरेको इरान समाचार एजेन्सीले रिपोर्ट गरेको छ ।

यसैबीच इरानको इस्लामिक परामर्शदात्री सभाका सदस्य इब्राहिम अजिजीले अमेरिका युद्धविरामका लागि प्रतिबद्ध नभएको उल्लेख गर्दै दोषारोपणको खेलले अबका दिनमा काम नगर्ने बताएका छन् ।

सामाजिक सञ्जाल एक्समा उनले वार्ताको प्रक्रिया चलिरेको समयमा इरान माथि अमेरिकाले पुनः आक्रमण गरेको पुष्टि गर्दै अमेरिकी राष्ट्रपति वार्ता वा युद्धविरामको सिद्धान्तप्रति कुनै प्रतिबद्धता नभएको बताए ।

यसैबीच, अमेरिकी उपराष्ट्रपति जेडी भान्सले यदि इरानसँग एमओयू कसरी लागू भइरहेको छ भन्ने बारे असहमति छ भने उनीहरूले फोन मार्फत पनि सल्लाह गर्न सक्ने बताए ।

## युरोपमा बढ्यो गर्मी, जनजीवन अस्तव्यस्त

एजेन्सी/ युरोपमा दिनप्रतिदिन भीषण गर्मीले रेकर्ड तोडिरहेको छ । अत्यधिक गर्मीका कारण जनजीवन अस्तव्यस्त बनेको छ । ४० डिग्री सेल्सियस तापक्रम नाघिरहेको अवस्थामा वैज्ञानिकहरु यसको मुख्य कारण जलवायु परिवर्तनलाई मानेका छन् । विज्ञहरूले युरोप विश्वमै सबैभन्दा तीव्र गतिमा तातिरहेको महादेश बनेको र तातो लहर अहिलेसम्मकै खराब बिन्दुमा पुगेको बताएका छन् ।

युरोपका सयौं शहरका मान्छेहरू अहिलेसम्मकै खराब हीट स्ट्रेसबाट गुज्रिरहेका छन्। पश्चिमी युरोपलाई जलाउने गर्मीको लहर अहिलेसम्मकै सबैभन्दा गम्भीर र व्यापक मानिएको छ । जीवाश्म इन्धन जलाएका कारण हुने जलवायु संकटका कारण मात्र यस्तो अवस्था बनेको वैज्ञानिकहरूको ठहर छ । युरोपका ८५० ठूला शहरहरु पनि सबैभन्दा खराब गर्मी भोगिरहेका छन् ।

# भारतीय पर्यटककै भरमा कोशीको पर्यटन

दमक - कोशी प्रदेशको पर्यटन क्षेत्रमा भारतीय पर्यटकको आकर्षण निरन्तर बढ्दै गएको छ। झापा, मोरङ, सुनसरी, इलाम र धनकुटाका प्रमुख पर्यटकीय गन्तव्यमा भारतीय पर्यटकको उल्लेख्य आगमन हुने गरेको छ। खुला सीमा, छोटो यात्रा दूरी र सहज पहुँचका कारण भारतीय पर्यटक कोशी प्रदेशको पर्यटन व्यवसायको मुख्य आधार बनेका छन्।

पर्यटन व्यवसायी भविसकुमार श्रेष्ठका अनुसार कोशी प्रदेश भारतका बिहार, पश्चिम बंगाल र सिक्किमसँग जोडिएको छ। पशुपतिनगर, काँकडभिट्टा, विराटनगर र कोशी ब्यारेज मुख्य स्थल नाकाका साथै विराटनगर र भद्रपुर विमानस्थलमार्फत पनि भारतीय तथा अन्य विदेशी पर्यटक प्रदेशमा आउने गरेका छन्।

भन्सार विभागले जेठ ७ गतेदेखि भारतीय साना सवारी साधनको विवरण राख्न थालेपछि सार्वजनिक भएको तथ्यांकले पनि भारतीय पर्यटकको बढ्दो आगमन देखाएको छ। विभागका अनुसार जेठ मसान्तसम्म ८६ हजार ५२ वटा सवारी टिआइभीमा दर्ता भएका छन्, जसमा ६५ हजारभन्दा बढी भारतीय साना सवारी नेपाल प्रवेश गरेका छन्। यस अवधिमा करिब दुई लाख भारतीय नागरिक साना सवारीमार्फत नेपाल आएको अनुमान गरिएको छ। कोशी प्रदेशका मुख्य नाकाबाट मात्रै एक महिनामा ११ हजारभन्दा बढी साना सवारी भित्रिएका छन्।

पर्यटन प्रहरी कार्यालय काँकडभिट्टाका अनुसार चालु आर्थिक वर्षको साउनदेखि जेठ मसान्तसम्म काँकडभिट्टा नाकाबाट १ लाख ५४ हजार ३३ पर्यटक नेपाल प्रवेश गरेका छन्। तीमध्ये ८ हजार ९१९ जना तेस्रो मुलुकका पर्यटक रहेका छन्। यस्तै, काँकडभिट्टा र पशुपतिनगर नाकाबाट ११ महिनामा १ लाख ३१ हजार ९१५ पर्यटक नेपाल प्रवेश गरेका छन्, जसमा ३८ हजार ९६८ जना विदेशी पर्यटक छन्।

कोशी प्रदेशमा पाथीभरा, बराहक्षेत्र, हलेसी, माङसेबुङ, रामधुनी, अर्जुनधारा, सगरमाथा, कञ्चनजङ्घा र मकालुजस्ता धार्मिक तथा प्राकृतिक गन्तव्य रहेकाले भारतीय पर्यटकको आकर्षण अझ बढ्दै गएको पर्यटन व्यवसायीको भनाइ छ।कोशी प्रदेशको विराटनगर नाकाबाट यस अवधिमा टिआइभी दर्ता भई २ हजार ७२१ साना सवारी साधन प्रवेश भएका छन् । चैत १ गतेदेखि यता जेठ ७ गतेसम्म मात्र ६ हजार ६२९ साना सवारी र ४४८६ मोटरसाइकल औपचारिक रूपमा भित्रिएको विराटनगर भन्सार कार्यालयले जनाएको छ ।

# धरानमा स्मार्ट बसपार्क सञ्चालन

धरान/ करिब २७ कट्ठा जग्गामा फैलिएको बसपार्कमा भूमिगत पार्किङको सुविधसहित तीनतले टर्मिनल भवन निर्माण गरिएको छ । धरान उपमहानगरपालिका-८, तीनकुने सुन्दर बस्ती विकास आयोजनाभित्र निर्माण गरिएको अत्याधुनिक 'स्मार्ट बसपार्क' सञ्चालनमा आएको छ । शनिबार आयोजित एक विशेष समारोहबिच धरान उपमहानगरपालिकाका कार्यवाहक नगर प्रमुख आइन्द्रविक्रम बेघाले बसपार्कको औपचारिक उद्घाटन गरे ।

सर्वोच्च अदालतमा विचाराधीन मुद्दाका कारण दक्षिण-पश्चिमतर्फको केही भाग भने निर्माण हुन बाँकी रहेको धरान उपमहानगरपालिकाका वरिष्ठ इन्जिनियर सुरज श्रेष्ठले जानकारी दिए । बसपार्कको बेसमेन्टमा करिब एक हजार ८४० वर्गमिटर क्षेत्रफलमा पार्किङको व्यवस्था मिलाइएको छ । जसमा दुई वटा सवारी प्रवेश र्‍याम्प, दुई वटा भर्‍याङ तथा भविष्यमा लिफ्ट जडान गर्न सकिने गरी संरचना तयार गरिएको छ । भवनको भुईँतलामा १०५ सिट क्षमताको यात्रु प्रतीक्षालय, २५ वटा टिकट काउन्टर, एटीएम, सिसी टिभी तथा सुरक्षा कक्ष, महिला, पुरूष र अपाङ्गतामैत्री सार्वजनिक शौचालय, प्राथमिक उपचार कक्ष, मिनीमार्ट तथा भाडामा सञ्चालन गर्न सकिने व्यावसायिक स्थानहरु रहेका छन् ।

यसैगरी, पहिलो तलामा १४ वटा व्यावसायिक सटर, संलग्न शौचालय (अट्याच्ड बाथरूम) सहित १२ वटा लजका कोठा, रेस्टुरेन्ट, कफी सप, खुला व्यावसायिक क्षेत्र तथा बसपार्क व्यवस्थापन कार्यालयको व्यवस्था गरिएको छ । बसपार्क परिसरमा एकसाथ ३८ वटा ठुला बस र १८ वटा जिप, ल्यान्डरोभर तथा ट्याक्सी पार्किङ गर्न सकिने क्षमता रहेको छ । साथै, परिसरमा सार्वजनिक शौचालय तथा ८० हजार लिटर क्षमताको खानेपानी एवं अग्निनियन्त्रण ट्यांकी निर्माण गरिएको इन्जिनियर श्रेष्ठले बताए ।

आयोजनाको कुल लागत अनुमान ३३ करोड ७० लाख ४७ हजार २३८ रूपियाँ रहेको कार्यवाहक नगर प्रमुख बेघाले जानकारी दिनुभयो। प्रारम्भिक ठेक्का सम्झौता २५ करोड ४१ लाख ६७ हजार ३१९ रूपियाँमा भए पनि ड्रइङ डिजाइन परिमार्जनपछि २४ करोड ९१ लाख ३ हजार ९५८ रूपियाँ कायम गरिएको थियो। आयोजनामा हालसम्म २४ करोड ८६ लाख ९ हजार १४९ रूपियाँ खर्च भइसकेको उनले बताए।


अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक : देवीप्रसाद सिटौला (९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड: राजकुमार श्रेष्ठ ९८०६०१०४१०

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू
१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने
३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने ।
५) कृतिम दाँत राख्ने ।
६) दाँतको खोल राख्ने ।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने ।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने ।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने ।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने ।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श ।
१२) मुखको साधारण सल्यक्रिया सेवा । Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा । Major Sugery
१४) दाँतको Implant गर्ने ।
१५ ) दाँतको OPD सेवा ।
आवद्ध डाक्टरहरू
डा. हेम राज गैरे
डा. सि.पि. गैरे
डा. राहुल गुप्ता
डा. विवेक शिंह
डा. टंक न्यौपाने
डा. स्मारक दाहाल
डा. मोलिका श्रेष्ठ
डा. काश्मी श्रेष्ठ
डा. सायारा ढकाल
डा. अन्जली ठाकुर
ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोनः ०२३-५७५९०६)

रेबिजबारे सचेत बनौं
कुकुर तथा जंगली जनावरको टोकाईबाट रेबिज मानिसमा सर्न सक्छ ।
यसबाट बच्न:
- घरपालुवा जनावरलाई नियमितरुपमा रेविजविरुद्धको खोप लगाऔं,
- जनावरले टोकेमा तुरुन्तै साबुन पानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं र तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- स्वास्थ्यकर्मीको सल्लाहबमोजिम रेविजविरुद्धको खोप लगाऔं,
- कुकुर तथा घरपालुवा जनावरलाई खुल्ला रुपमा नछाडौं,
- जंगली वा अपरिचित जनावरबाट टाढा बसौं,
*रेविज लाग्न नदिन समयमा विचार पुऱ्याऔं।*
नेपाल सरकार
विज्ञापन बोर्ड

लाईफ लाईन अस्पताल प्रा.लि.
दमक-५, झापाको
सुपर स्पेशियालिटी ओपीडी सेवाहरु
प्रत्येक शनिबार
१. डा. रामसागर शाह : बरिष्ठ युरोलोजिष्ट
२. डा. खुश्बु प्रिया मिश्र : बरिष्ठ ग्यास्ट्रोईन्टरोलोजी
३. डा. सन्तोष सुवेदी : बरिष्ठ नफ्रोलोजिष्ट
४. डा. सम्पन्न बुढाथोकी : बरिष्ठ कार्डियोलोजिष्ट
सम्पर्क : ९८०१४१४२८६, ९८०१४१४२८३
समय : बिहान १० बजेदेखि २ बजेसम्म ।